म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १७७ | बुधवार, २८ माघ २०८२ | ने. सं. ११४६ सिल्लागा | 11 February 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### मकवानपुरमा निर्वाचन प्रहरीको भूमिकाको सम्बन्धमा नमुना अभ्यास

# ४० दिनको अवधिलाई अवसरको रुपमा लिन प्रजिअको आग्रह

मनिल महतो

हेटौंडा, २७ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै तालिम प्राप्त निर्वाचन प्रहरीको भूमिकाको सम्बन्धमा नमुना अभ्यास (डेमो) गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय तथा वडा प्रहरी कार्यालयमार्फत तालिम लिएका निर्वाचन प्रहरीको तालिम समापन, नमुना अभ्यास तथा अन्तरक्रिया कार्यक्रम हेटौंडा-४ हुप्रचौरमा सम्पन्न भएको हो । प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा निर्वाचनका समयमा निर्वाचन प्रहरी कसरी परि चालित हुने भन्ने विषयमा भूमिका सहित नमुना मतदान केन्द्र निर्माण गरी अभ्यास गरिएको हो । कार्यक्रममा बागमती प्रदेश निर्वाचन अधिकारी हरि ढकालले निर्वाचन प्रहरीको व्यवहारले मतदान केन्द्रमा खटिने सबैको प्रतिनिधित्व गर्ने भएकाले विनम्र र जिम्मेवार भएर कर्तव्य पालन गर्न आग्रह गरे ।



समय कम भएपनि उच्च मनोबलका साथ तोकिएको आचार संहिताभित्र रहेर काम गर्नुपर्ने उनको भनाइ थियो । मतदानमा खटिने कर्मचारी र निर्वाचन प्रहरीको दायित्व समान हुने उल्लेख गर्दै जिम्मेवारी बोधकासाथ कार्य गर्न उनले आग्रह गरे । निर्वाचन प्रहरीलाई तलबबाहेक तीनदिनको भत्ता पनि उपलब्ध गराइने उनले जानकारी दिए । 'एकजना कर्मचारीले गर्ने व्यवहारका कारणले मतदान केन्द्रको सम्पूर्ण निर्वाचन व्यवस्थापनमा असर पर्ने भएकाले आफूले के गर्न हुने र के गर्न नहुने विषयमा ख्याल राख्नुहोला,' उनले बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अधिकारीले ४० दिनको अवधिलाई अवसरकारुपमा लिएर सेवागर्न आग्रह गरेका छन् । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको पालना गर्न आग्रह गर्दै उनले निर्वाचन प्रहरीको मुख्य दायित्व मतदातालाई भयमुक्त वातावरणमा मतदान प्रक्रियामा सहभागी गराउनु रहेको उल्लेख गरे । निर्वाचन प्रहरीको सुरक्षाको जिम्मेवारी राज्यको भएको भन्दै ढुक्क भएर कर्तव्य पालन गर्न उनले अनुरोध गरे । उत्कृष्ट कार्य गर्ने निर्वाचन प्रहरीलाई सम्मान गरिने पनि उनले बताए । निर्वाचनमा खटिने निर्वाचन प्रहरीले समानुपातिक तर्फ मतदान गर्न पाउने व्यवस्था रहेको जानकारी गराउँदै प्रजिअ अधिकारीले दल विशेषको प्रचारप्रसार भने गर्न नपाइने बताएका छन् ।

निर्वाचन प्रहरीलाई पोसाकको दुरुपयोग हुने काम नगर्न आग्रह गर्दै उनले मतदाता शिक्षा बाहेक अन्य प्रकारका भिडियो बनाउन नपाउने बताए । त्यसैगरी जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रमुख एवं प्रहरीउपरीक्षक श्यामबहादुर खत्रीले निर्वाचन प्रहरीलाई पनि अन्य प्रहरी सरह नै व्यवहार गरिने भएकाले नागरिकमैत्री व्यवहार गर्नुपर्ने स्पष्ट पारेका छन् । उनले भने, 'प्रहरीको पोसाक लगाएर आएपछि तपाईंहरु नागरिक होइन, यो समयमा तपाईंहरु निर्वाचन प्रहरी हो, तपाईंहरुले गर्ने व्यवहार नागरिक र लैङ्गिकमैत्री हुनुपर्छ ।' निर्वाचन प्रहरीलाई पनि अन्य प्रहरी कर्मचारी सरह नै व्यवहार हुने भएकाले केही गुनासो भए प्रहरी नायवउपरीक्षकलाई सम्पर्क गर्न सकिने उनले जानकारी दिएका छन् ।

मकवानपुरमा निर्वाचनका लागि नेपाल प्रहरीतर्फ १ हजार ९ सय २३ जना र सशस्त्र प्रहरीतर्फ १ सय ७९ जना गरी कुल २ हजार १ सय २ जना निर्वाचन प्रहरी भर्ना गरिएको छ । उनीहरुलाई जिल्लाका १० स्थानमा १० दिने तालिम दिइएको थियो । तालिममा सुरक्षाकर्मीको भूमिका, आचारसंहिता तथा अनुशासन सम्बन्धी विषयमा प्रशिक्षण दिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । वडा प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा तालिम लिनेहरुको तालिम समापन मंगलबार हुप्रचौरमा गरिएको हो भने अन्य इलाकामा तालिम लिनेहरुको तालिम आफ्नै तालिमस्थलमै गरिएको छ ।

निर्वाचन सुरक्षाका लागि आवश्यक निर्वाचन प्रहरीलाई हेटौंडा-४ हुप्राचौर, भुटनदेवी मावि चौर, इलाका प्रहरी कार्यालय पालुङ, फापरबारी, मनहरी, ठिङन, मकवानपुरगढी, हेटौंडा सानोपोखरा तथा पशुपतिनगरमा तालिम दिइएको थियो ।

यसैगरी सशस्त्र प्रहरी बल १४ नम्बर गण हेटौंडाले हेटौंडा औद्योगिक क्षेत्रभित्रै तालिम दिएको थियो । माघ १८ गतेदेखि माघ २७ गतेसम्म आधारभूत तालिम लिएका निर्वाचन प्रहरीलाई घर पायक पर्ने गरी बुधबारदेखि नै कार्यक्षेत्रमा परिचालन गरिने बताइएको छ । ४० दिनका लागि भर्ना गरिएका उनीहरुले प्रहरी जवानसरह तलब तथा राशन सुविधा पाउनेछन् । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# मकवानपुरका नौ पालिकाका मतदानस्थलको अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुरका दुईवटै निर्वाचन क्षेत्रअन्तर्गतका नौ वटा स्थानीय तहका मतदानस्थलको अनुगमन गरिएको छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागि जिल्ला निर्वाचन कार्यालयका अधिकृत, सुरक्षा निकायका प्रमुख सहितको संयुक्त टोलीले मतदानस्थलको स्थलगत अनुगमन गरेको हो । अनुगमन टोलीले हालसम्म हेटौंडा उपमहानगर पालिका सहित थाहा नगरपालिका, मकवानपुरगढी, बागमती, भीमफेदी, राक्सिराङ, कैलाश, मनहरी र बकैयाका मतदानस्थलको निरीक्षण गरिसकेको जनाएको छ । अनुगमनका क्रममा मतदानस्थलको भौतिक अवस्था, सुरक्षा व्यवस्थापन, पहुँचमार्ग, मतदानकक्षको व्यवस्थापनलगायतका विषयमा ध्यान दिइएको थियो ।

निर्वाचनमा जिल्लाका नौ वटा पालिकाको अनुगमन गरिसकिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताएका छन् । जिल्लामा भौगोलिक विकटताको समस्या थोरै मतदानस्थलमा रहेपनि त्यस्तो समस्या नरहेको उनले बताए । निर्वाचनलाई लक्षित गरेर जिल्लाका धेरै पालिकाका मतदानस्थलको अनुगमन गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक श्यामबहादुर खत्रीले बताए । भौगोलिक विकटताको धेरै क्षेत्र भएपनि सञ्चार सम्पर्क सबै स्थानमा रहेको र भीमफेदीको एउटा मतदानस्थलमा मात्र यातायातको पहुँच नभएकाले हिडेर पुग्नुपर्ने समस्या भएको उनले बताए ।

जिल्ला प्रशासन कार्यालयका अनुसार अब जिल्लाको उत्तरी क्षेत्रअन्तर्गत पर्ने इन्द्रसरोवर गाउँपालिकाको मतदानस्थलको अनुगमन गरिने तयारी छ । निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र सुरक्षित ढंगले सम्पन्न गर्न आवश्यक पूर्वतयारीकारुपमा यो अनुगमन गरिएको जनाइएको छ । मकवानपुरमा रहेका अति संवेदनशील र सवेदनशील मतदानस्थलमा जिल्ला सुरक्षा समितिले स्थलगत निरीक्षण गरेको हो । मतदान स्थलगत निरीक्षणको क्रममा स्थानीय र पालिकाका जनप्रतिनिधिसँग अन्तरक्रिया गर्ने काम पनि भइरहेको छ ।

जिल्लाका दुइवटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत, प्रजिअ अधिकारीसहित नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान प्रमुख र प्रदेश निर्वाचन कार्यालयका प्रमुख स्थलगत निरीक्षणको क्रममा जिल्लाका विभिन्न भागमा पुग्ने गरेका छन् । निरीक्षणको क्रममा निर्वाचनको समयमा आउन सक्ने चुनौती, मतपेटिका, मतपत्र ढुवानीका लागि भौगोलिक अवस्थिति र सुरक्षा व्यवस्थाको बारेमा स्थानीयसँग छलफल गरेका थिए । फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा मकवानपुरमा १६७ वटा मतदानस्थल छन् ।

तीमध्ये सुरक्षाको दृष्टिकोणले १९ मतदानस्थल अति संवेदनशील सूचीमा राखिएको छ । जिल्ला सुरक्षा समितिले सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० मध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा राखेको हो । जिल्लाभर रहेका मतदानस्थलमध्ये १९ वटा अति संवेदनशील, ६० संवेदनशील र ८८ सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर ले जनाएको छ । अति संवेदनशील सूचीमा परेका मतदानस्थलमा २६ मतदान केन्द्र छन् ।

सबैभन्दा धेरै बकैया गाउँपालिकामा ५ मतदानस्थल र ७ मतदान केन्द्र अति संवेदनशील रहेका छन् । यसैगरी राक्सिराङ गाउँपालिकामा ६ मतदानस्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा ५ मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र, मनहरी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा १ मतदानस्थल र १ मतदान केन्द्र अति संवेदनशीलको सूचीमा राखिएको छ । जिल्लामा ६० मतदानस्थल र १ सय २३ मतदान केन्द्र संवेदनशील सूचीमा राखिएका छन् ।

हेटौंडा उपमहानगरका ७ मतदानस्थल र ३१ मतदान केन्द्र, थाहा नगरका ९ मतदानस्थल र १७ मतदान केन्द्र, राक्सिराङका १३ मतदानस्थल र १७ मतदान केन्द्र, बकैयाका ८ मतदानस्थल र १५ मतदान केन्द्र तथा बागमतीका ७ मतदानस्थल र १७ मतदान केन्द्र संवेदनशील सूचीमा रहेका छन् । मकवानपुरगढीका ४ मतदानस्थल र ७ मतदान केन्द्र, ईन्द्रसरोवरका २ मतदानस्थल र २ मतदान केन्द्र, भीमफेदीका ४ मतदानस्थल र ४ मतदान केन्द्र, कैलाशका ३ मतदानस्थल र ५ मतदान केन्द्र तथा मनहरीका ३ मतदान स्थल र ८ मतदान केन्द्र पनि संवेदनशील सूचीमा छन् । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा ३ लाख १५ हजार ३३४ मतदाता रहेका छन् ।

# हेटौंडामा हुन लागेको खेलकुद महोत्सव स्थगित



"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"
प्रदेश खेलकुद विकास परिषद्
Province Sports Development Council
बागमती प्रदेश
मकवानपुर जिल्ला खेलकुद विकास समिति
हेटौंडा, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं.: ३७७
मिति : २०८२/१०/२६

प्रेस विज्ञप्ति

दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव सम्बन्धमा ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० टिसिएन चौरमा मिति २०८२ फागुन ०२ गतेदेखि १६ गतेसम्म हुने भनिएको दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव निर्वाचन अचारसंहिता र सुरक्षा व्यवस्थाका कारण जिल्ला प्रशासन कार्यालय मकवानपुको सुझाव समेतलाई मनन गरी स्थगित गरेका छौं । उक्त महोत्सव निर्वाचन सम्पन्न भएपछि मिति २०८२ फागुन २९ गतेदेखि २०८२ चैत्र १४ गतेसम्म वडा नम्बर १० टिसिएन चौरमा संचालन हुने व्यहोरा यहि प्रेस विज्ञप्ति मार्फत सम्पूर्ण महानुभावहरूमा जानकारी गराउँदछौं ।

खेलाईने प्रस्तावित खेलहरू:

१. राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२. राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
३. जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ हेटौंडामा फागुन २ गतेदेखि १६ गतेसम्म हुने भनिएको 'दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव' स्थगित भएको छ ।

प्रेस विज्ञप्ती जारी गरी निर्वाचन अचारसंहिता र सुरक्षा व्यवस्थाका कारण महोत्सव स्थगित गरिएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिएका छन् । उनका अनुसार जिल्ला प्रशासन कार्यालय मकवानपुरको निर्देशनमा स्थगित गरिएको महोत्सव अगामी फागुन २९ गतेदेखि चैत्र १४ गतेसम्म सञ्चालन हुनेछ ।

हेटौंडा-१० स्थित टिसिएनचौरमा महोत्सव हुने अध्यक्ष मोक्तानले बताए । महोत्सवबाट संकलन भएको रकमले जेन्जी आन्दोलनक्रममा भएको भौतिक क्षति पुन:स्थापना तथा खेलकुद सामग्री खरिद गरिने उनले बताए ।

'मकवानपुर जिल्ला खेलकुद विकास समितिको भवन निर्माण र खेलसामग्री खरिदका लागि महोत्सवको आम्दानी खर्च हुनेछ,' उनले भने, 'यसका लागि वृहत् खेलकुद कृषि पर्यटन तथा व्यापार महोत्सव २०८२ आयोजनामा जुटेका छौं ।' महोत्सव सञ्चालनमा ८० लाख रुपैयाँ खर्च हुने बताइएको छ । ४०० व्यावसायिक स्टल रहने महोत्सवमा खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्य राखिएको अध्यक्ष मुक्तानले बताए ।

महोत्सवमा राष्ट्रिय महिला भलिबल, राष्ट्रिय तेक्वान्दो, जिल्ला स्तरीय पुरुष भलिबल, ब्याडमिन्टन, कराँते प्रतियोगिता, १० किलोमटिर महिला र पुरुष दौड प्रतियोगिता तथा विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रदर्शन गरिने छ ।

# चुनावी सुरक्षाका लागि सतर्क रहन प्रधानमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ प्रधानमन्त्री सुशीला कार्कीले चुनावी सुरक्षामा कति पनि चुक्न नदिनेतर्फ सतर्क रहन सुरक्षा फौजलाई निर्देशन दिएकी छिन् ।

महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा सैनिक मुख्यालय जङ्गी अड्डामा आजदेखि सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले विगतमा सुरक्षासंयन्त्रबीच समन्वयमा कतै त्रुटि र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन सुझाव दिइन् । प्रधानमन्त्री कार्कीले भनिन्, 'यो निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्नुहोस् ।'



निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढंगबाट सम्पादन गर्नेमा आफू पूर्णविश्वस्त रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट पारिन् । जनतालाई सुरक्षाको प्रत्याभूति दिँदा तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सृजना गर्न आग्रह गर्दै उनले अन्य निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिइन् ।

नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिहरुको सहभागिता रहेको बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गर्दै समग्र सुरक्षा व्यवस्थाको अवस्थाबारे जानकारी गराएका थिए ।

बैठकमा सहभागीले आआफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यको समीक्षा एवं सुझाव प्रस्तुत गर्नाका साथै समसामयिक विषयमा छलफल गर्ने सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# किसानको साथी सालक

सालक लोपोन्मुख वन्यजन्तु हो । यो जनावर प्राय: नेपाल, भारत, चीन लगायतका दक्षीण एसियाली राष्ट्र तथा अफ्रिकाका उष्ण भू-भागमा पाइन्छ । यसको शरीरमा ठुलाठुला कत्लाले ढाकेको हुन्छ । खबटा मुनि पहेँला जगरजस्ता रौं उम्रेका हुन्छन् । यि रौं कत्लाको बीचबाट बाहिर निस्केको देखिन्छ र रौं धेरै हुँदा सालक सुनौलो पहेँलो रंगको देखिन्छ । यसले पुच्छरको सहायताबात रुखको हाँगामा झुन्डिन सक्छ । समुद्री सतहदेखि करिब दुई हजार मिटरसम्मको उचाइका वनजंगलमा सालक पाइन्छ । अति लजालु, संवेदनशील एवं शान्त वातावरणमा बस्न रुचाउने सालकले मानिसलाई कुनै क्षति गर्दैन । एक बेतमा एउटा मात्र बच्चाको जन्मदर हुन्छ । यो जनावरले आफूलाई खतरा महसुश भएमा त्यसबाट जोगिन गुँडुल्किएर भकुण्डो जस्तै डल्लो पर्छ । यसरी जोगिन आफ्ना बलिया मांसपेशीको पकडले एकै ठाउँमा टाँसिएर गुँडुल्किरहन सक्छ । विश्वभर आठ जातिका सालक पाइन्छन् । नेपालमा भने संकटग्रस्त कालो सालक र लोपोन्मुख तामे सालक मात्र पाइन्छन् । तर, पनि धादिङको थाङसिङ बेसी, काभ्रेको बलथली, काठमाडौंको नागार्जुन, रामेछापका केही स्थानमा सेतो सालक पनि पाइने वन्यजन्तुविज्ञ बताउँछन् । २ हजार ५ सय मिटर उचाइको सालको जंगलमा भेटिने सालकको दाँत हुँदैन । ६० देखि ७० सेन्टिमिटरसम्म फैलने यस्ले जिब्रोले धमिरा र कमिलाको प्राय: धमिरा र कमिला खान्छ । राति आहार खोज्न निस्कने सालक माटोकै रंगको भएकाले छुट्टयाउन मुस्किल पर्छ । बागमती प्रदेश सरकारले पहिलोपटक सालक सम्मेलनको आयोजना गरेको छ ।

७ बुँदे माडी घोषणापत्र जारी प्रथम सालक सम्मेलन सकियो । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजना एवम् डिभिजन वन कार्यालय चितवनको संयोजनमा नेपालमै पहिलोपटक चितवनको माडीमा सालक सम्मेलन भएको हो । सम्मेलनको प्रदेशका वन तथा वातावरण मन्त्री भरत केसीले उद्घाटन गरेका थिए । उनले सालक संरक्षणलाई वन संरक्षणसँग जोड्नु पर्ने बताए । सालक मानव र वन्यजन्तुबीचको सारथी रहेको मन्त्री केसीले बताए । सालकको आहारा (धमिरा) नष्ट हुँदै गएकोले सालकमैत्री वातावरण बनाउने कार्ययोजना बनाएर अघि बढ्ने उनले बताएका छन् । प्रदेशको निवर्तमान वनमन्त्री कृष्णप्रसाद सिलवालले सालकको पहिलो शत्रु डढेलो भएका कारण वनडढेलो नियन्त्रण गर्नुपर्ने बताए । सालकको तस्करी रोक्न कानुनी कारबाहीलाई सफल कार्यान्वयन तथा प्रभावकारी बनाउनु पर्ने सिलवालले बताए । बागमती प्रदेशका डिभिजन वन कार्यालय प्रमुखहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज, सामुदायिक वनका प्रतिनिधि र संरक्षणकर्मीको सहभागितामा सालक सम्मेलन गरिएको हो । सम्मेलनमा संरक्षित वन्यजन्तु सालकको अहिलेको अवस्था, संरक्षण गर्नुपर्ने कारण, चुनौतीलगायतका विषयमा छलफल गरिएको थियो । सालक किसानको साथी भएकाले यसको संरक्षण अपरिहार्य रहेको डिभिजन वन कार्यालय चितवन प्रमुख विष्णुप्रसाद आचार्यले बताए । राष्ट्रिय निकुञ्ज ऐन २०२९ ले संरक्षित वन्यजन्तुकारुपमा सालकलाई राखेको र सालक अहिले लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ । यसको संरक्षणका लागि सबैको हातेमालो आवश्यक रहेको आचार्यको कार्यपत्रमा समाबिष्ट थियो । बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले प्रदेश सरकारले सालकको संरक्षणका लागि नीति तथा कार्यक्रम नै बनाएर काम अघि बढाएको बताए । आगामी वर्षदेखि नियमितरुपमा सालक संरक्षणका लागि काम गरिने सचिव बरालले बताए ।

केही वर्षपछि सालक हेर्नका लागि बागमती प्रदेश जाउँ भन्ने बनाउनका लागि यो कार्यक्रम महत्वपूर्ण रहेको बरालको भनाइ थियो । सामुदायिक वन र सालक संरक्षणमा लागेका सबैलाई एकीकृत गर्न यो कार्यक्रम फलदायी हुने बताइएको छ । स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समितिसँग सालकको बासस्थान, खानेकुरा संरक्षणलाई अभियानकारुपमा अघि बढाइने भएको छ । कार्यक्रममा डिभिजन वन चितवनका प्रमुख आचार्य, त्रिवि जीवविज्ञान बिभागका सहप्राध्यापक डा. हरि शर्मा, डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेश चन्द्रबंशीले कार्यपत्र प्रस्तुत गरेका थिए । बागमती प्रदेशको जिल्ला वन, डिभिजन वन, भू तथा जलाधार, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि, संचारकर्मी, स्थानीयको सहभागिता रहेको थियो । सालकको मासु तथा खपेटा परम्परागत औषधिउपचारमा प्रयोग गर्न मिल्छ भन्ने अन्धविश्वास सालक संरक्षणको एउटा महत्पूर्ण चुनौती हो । यही कारण सालक अवैध चोरीशिकारको उच्च जोखिममा छन् । अत्याधिक वन फँडानी, अव्यवस्थित पूर्वाधार विकास र व्यापक कृषि विस्तारको कारणले गर्दा सालकको बासस्थान पनि घट्दैछन् । स्थानीय तहमा संरक्षण शिक्षा कार्यक्रम र जनचेतनाको कमी पनि सालक संरक्षणको महत्पूर्ण चुनौती हो । सालकको यथाशीघ्र संरक्षण नगरे यो प्रजाति विश्वबाट नै लोप हुने अवस्था देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २९ गते बिहीबार १२ फेब्रुअरी २०२६ । दशमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४६ सूर्यास्त ५:५२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा बाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# निर्वाचन घोषणापत्र र मानव अधिकार



✍नवराज सापकोटा

निर्वाचन लोकतान्त्रिक अभ्यासमात्र होईन, राजनीतिक दलले नागरिकसँग गर्ने सबैभन्दा ठूलो राजनीतिक सम्झौताको क्षण पनि हो । यही क्षणमा राजनीतिक दलहरूले आफ्ना प्राथमिकता, दृष्टिकोण र प्रतिबद्धतालाई घोषणापत्रमार्फत सार्वजनिक गर्दछन् । तर नेपालमा चुनावी घोषणापत्रहरू प्राय: लोकप्रिय नाराहरू, अधुरा वाचा र अल्पकालीन आकर्षणमा सीमित हुने गरेका छन् । यस प्रक्रियामा लोकतन्त्रको आत्मा र शासनको नैतिक आधारको रुपमा रहेको मानव अधिकारका सवाल अझै पनि दलिय घोषणापत्रको केन्द्रमा पर्न सकेको देखिँदैन । जब दलहरू निर्वाचनपछि संसद र सरकारको सत्तामा पुग्दछन्, उनीहरू राज्यका प्रतिनिधि मात्र होइनन्, मानव अधिकारको संरक्षण र संवर्द्धनका प्रत्यक्ष कर्तव्यपालक पनि बन्दछन् । त्यसैले निर्वाचन, घोषणापत्र र मानव अधिकारबीचको सम्बन्धलाई पुन:परिभाषित गर्नु आजको नेपालको लोकतान्त्रिक बहसको अनिवार्य आवश्यकता हो ।

### लोकतन्त्र र दलहरू

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू व्यक्ति व्यक्ति मिलेर बनेका सङ्गठन हुन् जसले लोकतान्त्रिक निर्वाचनमा उम्मेदवार प्रस्तुत गर्ने, राजनीतिक संस्थामा प्रतिनिधित्व गर्नुका साथै राजनीतिक शक्तिको प्रयोग गर्ने तथा सार्वजनिक मामिलाहरूमा भाग लिने लक्ष्य राख्दछन् । राजनीतिक दलहरू लोकतान्त्रिक समाजमा मुख्य अभिकर्ताहरू हुन् । दलको सदस्यता तथा मतदाताहरूको मतदानको माध्यमबाट छनौट भई नागरिकहरूको राजनीतिक जीवनमा सहभागी हुने राष्ट्रिय संसद निर्माण तथा सरकारलाई प्रभाव पार्न सक्ने क्षमताको माध्यमबाट नागरिकको अधिकार प्रत्याभूतीका लागि काम गर्दछन् । कुनै पनि देशमा राजनीतिक दलहरूको स्थापना र तिनीहरूको राम्रो कार्यसम्पादन तथा राजनीतिक विचार तथा प्रतिनिधित्वको आधारमा बहुलवादको सुनिश्चितता हुने गर्दछ ।त्यसैले बहुलवाद लोकतान्त्रिक समाजको विशेषता र शर्त दुवै हो ।

सङ्गठनको रूपमा हेर्दा राजनीतिक दलहरू नागरिक समाजका हिस्सा हुन् ।यस्ता सङ्गठनहरूले नै केन्द्रीय वा प्रादेशिक संसद र स्थानीय तहका नगर तथा गाँउ सभा र सरकारमा आफ्ना सदस्यहरूको निर्वाचन वा नियुक्ति मार्फत राज्य संरचनामा भाग लिने गर्दछन् । प्राय: एउटै राजनीतिक दल एकै साथ र समयमा पनि नागरिक समाज तथा राज्य संरचनाको भाग हुन सक्दछ । जब राजनीतिक दलका सदस्यहरूले संसद र सरकारमा बसेर राजनीतिक शक्तिको प्रयोग गर्दछन्, त्यो दल राष्ट्रिय मानव अधिकार प्रणाली भित्रको अधिकार बाहकहरूसँग प्रत्यक्ष रूपमा सम्बद्ध हुन्छ ।यस्तो अवस्थामा दलको नागरिकप्रतिको मानव अधिकारको दायित्व पुरा गर्ने जिम्मेवारी हुन्छ । विशेषगरी सरकारको नेतृत्व गर्ने कुनै पनि दल वा संयुक्त सरकार बनेको अवस्थामा सरकारमा सहभागी दलहरूलाई मानव अधिकारप्रतिको प्रत्यक्ष दायित्व सिर्जना हुन्छ ।

नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा २५ र यसको सामान्य टिप्पणी नं. २५ तथा मानव अधिकार समितिले प्रतिपादन गरेका बिधिशास्त्र र नेपाल पक्ष भएका अन्य महासन्धिहरूले यस्तो दायित्वको सिर्जना गरेका छन् । यसका साथै व्यक्ति, समुह तथा समाजका अङ्गहरूको विश्वव्यापी रूपमा पहिचान प्राप्त मानव अधिकार र आधारभुत स्वतन्त्रताको अधिकार तथा जिम्मेवारी सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८ ले समेत दायित्व सिर्जना गरेको देखिन्छ । नेपालको संविधानले अङ्गिकार गरेको संसदिय शासन व्यवस्थामा प्रत्यक्ष रूपमा जनताबाट चुनिएका दलका र स्वतन्त्र तथा समानुपातिक प्रतिनिधित्वका आधारमा मनोनित प्रतिनिधिबाट संसद बन्दछ ।वास्तविक रूपमा बहुदलिय व्यवस्थामा दलहरू नै संसदमा प्रतिनिधित्व गर्ने र सरकार समेत चलाउने जिम्मेवार संस्था हुन् ।

यसरी हेर्दा लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशको शासन सञ्चालनमा सहभागी हुने गर्दछन् । त्यसैले राज्यको तर्फबाट मानव अधिकार प्रतिको दायित्व निर्वाह गर्ने जिम्मेवारी उनीहरूलाई नै हुने गर्दछ । राजनीतिक दलका सदस्यहरू नै संसद वा सरकारमा निर्वाचित वा नियुक्त हुँदा उनीहरूले नै राजनीतिक शक्तिको प्रयोग गर्ने गर्दछन् ।यस्तो अवस्थामा राजनीतिक दलका सदस्यहरू राज्यको हिस्सा बन्दछन् र राष्ट्रिय मानव अधिकार प्रणालीमा मानव अधिकारप्रतिको दायित्व पूरा गर्ने कर्तव्य पालक बन्दछन् ।यसरी दलहरू मानव अधिकारको दायित्व पुरा गर्ने स्थानमा पुग्दछन् ।

### घोषणापत्रमा मानव अधिकार

चुनावको घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गर्ने अग्रणी मुलुकको रूपमा वेलायतलाई लिइन्छ ।वेलायतमा जुलाई, २०२४ मा पछिल्लो आम निर्वाचन सम्पन्न भएको थियो । बेलायतमा राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि राजनीतिक दलहरूले कस्ता विषयवस्तुलाई प्राथमिकतामा राखेर घोषणापत्र जारी भए भन्ने कुराको समिक्षा नै गर्ने प्रचलन रहेको छ ।अन्य लोकतान्त्रीक मुलुकहरूले पनि यो परम्परा बसालेको पाइन्छ । नेपालमा यस्तो चलन हालसम्म रहेको पाइदैन । पहिलो कुरा त नेपालमा मानव अधिकारको विषयलाई विशिष्टिकृत रूपमा घोषणापत्रको प्राथमिकतामा नै पर्न गाह्रो छ । दोस्रो केही मानव अधिकार सम्बन्धी विषयवस्तु घोषणापत्रमा परेको खण्डमा पनि त्यसको समिक्षा तथा पुनरावलोकन गर्ने प्रचलनको जग बस्न नै सकेको छैन ।

नवयुवाहरूको आन्दोलन पछि दलहरू रूपान्तरण हुने क्रममा पनि रहेकाले मानव अधिकारका विषयवस्तु घोषणापत्रमा समावेश गर्ने कुरालाई प्राथमिकता दिनुपर्दछ । नेपाल सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन तोकेको छ ।निर्वाचन आयोगमा दल दर्ता भई नेपाल कानून अनुरूप मनोनयन दर्ताको प्रक्रिया पनि सम्पन्न भएका छ । यो निर्वाचन नवपुस्ताको आन्दोलन पछि हुन लागेकोले यसले विशेष महत्व बोकेको छ । आम नागरिकको अपेक्षा पनि त्यतिकै संवोधन गर्नुपर्ने अवस्था छ ।अपेक्षाको संवोधनका लागि हरेक निर्वाचनमा दलहरूले घोषणापत्र जारी गर्ने गरेका छन् । केही दलहरूले आफ्नो घोषणापत्र सार्वजनिक गरेको भएता पनि धेरैजसो दलहरू घोषणापत्र लेखनको कार्यमा लागेका छन् ।नागरिकसँग भोट माग्ने आधार घोषणापत्रलाई बनाउने गरिएको छ ।

घोषणापत्रमा मानव अधिकारका सवाललाई समावेश गर्दा हरेक क्रियाकलापमा मानव अधिकारमुखी पद्धतिको अबलम्बन गरिने कुराको सुनिश्चितता गर्नु महत्वपूर्ण हुन्छ । नेपालको संविधान तथा कतिपय अन्य कानूनले पनि अधिकारमुखी पद्धतिको अवलम्बन गरिने कुरालाई उल्लेख गरेकोले यो विषय दलहरूको घोषणापत्रको अभिन्न अङ्ग बन्नुपर्दछ । विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन नहुँदा वर्षेनी विकासका कारण निम्तिएको विपद् र विनासका कारण कैयौ नागरिकको ज्यान सम्म जाने, नीजि तथा सार्वजनिक सम्पतिको नास हुने, कैयौ मानिसहरू विस्थापित हुनुपर्ने लगायतका अधिकार उल्लैन हुनपुगेका छन् । संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन अवस्था पनि आशासित रूपमा हुन सकेको छैन ।यसका साथै मौलिक हकको कार्यान्वयनमा पनि अधिकारमुखी पद्धतिको अवलम्बन हुन नसकेको देखिन्छ ।

स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ, यसको कार्यान्वयनका लागि स्वास्थ्य बिमा कार्यक्रम लागु गरिएको छ । बिमा कल्याणकारी अबधारणामा आधारित सहुलियत मात्र हो, मौलिक हकको रूपमा उल्लेख गरिएको स्वास्थ्यको अधिकार त नागरिकले कुनै पनि शुल्क र अबरोध बिना नै उपचार पाउनु हो । यसरी नै आवासको हकलाई मौलिक हकको रूपमा संविधानत: सुनिश्चित गरिएको छ ।तथापी कैयौ नागरिकहरू आवास निर्माणका लागि आफ्नै जमिन नभएर राज्यबाट नै गरिबको ट्याग रूपी परिचय पत्र बोकेर हिड्नुपर्ने अवस्था छ ।कति नागरिकले त त्यो पनि पाएका छैनन् । कसैलाई गरिबको ट्याग भिराउने कुरा आफैमा मानव अधिकार उल्लंघन हो । कोही पनि व्यक्ति जन्मदै गरिब वा धनी हुदैन, यो त राज्यले उपयुक्त, न्यायिक र समतामुलक रूपमा उपलब्ध स्रोतको वितरण नगर्दाको परिणाम हो । त्यसैले सामुहिक अधिकार नेपालको अहिलेको प्राथमिकताको विषय हो । नेपाल अन्तराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को पक्ष राष्ट्र हो तथापी यो महासन्धि अनुरूप घरेलु कानून नबन्दा सामुहिक अधिकार मा प्रतिकुल प्रभाव परिरहेको छ । यस्ता विषयहरू दलका प्राथमिकताका विषय बन्नुपर्दछ ।कतिपय अधिकारमा आधारित नभएका हाम्रा अभ्यासलाई संसोधन/परिमार्जन गरि अधिकारमा आधारित बनाउँदै लैजानुपर्दछ ।

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा पहुँच

संघीयताको कार्यान्वयन पछि स्थानीय तहसम्म पुगेका हाइड्रो पावर, सडक निर्माण, पुर्वाधारको विकास लगायतका विकास आयोजनाहरूले हजारौं मानिसहरूसँग स्वतन्त्र, सुसूचित र पूर्व सहमति नलिने तथा उचित क्षतिपूर्ति समेत नदिँदा सिमान्तकृत समुदायका नागरिक विस्थापित हुनुपर्ने बाध्यता रहेको छ । विकासमा सहभागिता, प्रतिफलको उपभोग गर्ने अधिकारको सुनिश्चितता, विकासबाट पीडितहरूका लागि उचित क्षतिपूर्ति तथा पर्याप्त र सुरक्षित पुनर्वासको समाधान खोज्ने कार्य निर्वाचित जनप्रतिनिधिहरूको हो ।

दलहरूले घोषणापत्रमार्फत नै यस्ता विषयको संवोधन गर्न सक्नुपर्दछ ।ग्रामीण महिलाहरूलाई प्रसूति सेवा र आवश्यक गुणस्तरीय स्वास्थ्य सेवाहरूमा प्रभावकारी पहुँच, गरिबीको रेखामुनी रहेका नागरिकलाई गुणस्तरीय स्वास्थ्य, शिक्षा तथा रोजगारीमा सहज पहुँच सुनिश्चित गर्नुपर्दछ । यसका साथै राउटे, कुसुण्डा समुदायको मुलप्रवाहीकरण, चेपाङ, बोटे, मुसहर समुदाय जस्ता सिमान्तिकरणमा रहेका सबै समुदायका आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको सुनिश्चितता गर्नु जरुरी रहेको छ । नेपाल आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को पक्ष राष्ट्र पनि हो ।

### कारागार तथा बाल सुधार गृह

सरकारी अधिकारीहरूको अथक प्रयासको बावजुद पनि कैदीबन्दीहरू अझै पनि भीडभाड भएका कक्षहरूमा बस्नु र सुत्नुपर्ने अवस्थाको अन्त्य हुन सकेको छैन । कारागार तथा बाल सुधार गृहको भिडलाई कम गर्न अन्तिम सुनुवाई पुर्व थुनामा राख्ने कुरालाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्ने कुराको पालना गर्ने र न्यायिक कारवाहीको प्रक्रियालाई तीव्र बनाउनुपर्दछ । साना अपराधहरूको लागि कारावासको विकल्प प्रदान गर्ने कानूनलाई कार्यान्वयन गरिनुपर्दछ । कैदीबन्दीहरूको पिउने पानी र सरसफाइमा पहुँच सुधार गर्नु पनि आवश्यक देखिन्छ । यसका साथै पर्याप्त सुविधा तथा योग्य स्वास्थ्यकर्मी कर्मचारी सहितको स्वास्थ्य सेवाको व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ । कैदीबन्दी तथा कानूनको द्वन्द्वमा परेका बालबालिका, कारागार र बाल सुधार गृहहरू नेपालमा प्राय: दलहरूको नजरमा पर्ने गरेको देखिदैन ।

### लैङ्गिक समानता, सीमान्तकृतको संरक्षण

राजनीतिक निर्णय लिने निकायहरूका र संसद तथा व्यवस्थापकिय माथिल्ला पदहरूमा पनि हालसम्म महिलाहरूको प्रतिनिधित्व कम रहेको छ ।महिलाहरूको प्रतिनिधित्व बढाउन र लैङ्गिक समानता हासिल गर्न प्रभावकारी उपायहरू आवश्यक छन् । त्यसैगरी बिभिन्न समयमा भएका द्वन्द्व, प्राकृतिक प्रकोप, मानव वन्यजन्तु द्वन्द्व, दुर्घटना लगायतका कारण नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या बढिरहेको छ । सन् २०२४ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिले अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य र शिक्षा सेवामा पहुँच अपर्याप्त रहेको ठहर गरेको छ । यसका साथै सांकेतिक भाषा र अन्य माध्यमहरूमा शिक्षकहरूको तालिम र भर्ना, साथै बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि केन्द्रहरूको स्थापना र निजी रूपमा सञ्चालित केन्द्रहरूलाई सरकारले सहयोग गर्नुपर्ने कुरा पनि समितिले उल्लेख गरेको छ ।

आन्तरिक रूपमा विस्थापन र शरणार्थी वा शरण खोज्नेहरूका समस्या पनि बढ्दै गएको छ ।नेपाल शरणार्थी सम्बन्धी अन्तराष्ट्रिय कानूनको पक्ष राष्ट्र पनि नबनेको र शरणार्थी समस्या संवोधन गर्ने तथा आन्तरिक विस्थापनलाई संवोधन गर्ने कुनै विशिष्टिकृत घरेलु कानून निर्माण भएको छैन । तथापी शरणार्थी तथा विस्थापित व्यक्तिहरूको संरक्षण गर्ने अन्तर्राष्ट्रिय दायित्वहरूको पनि नेपालले सम्मान गर्नुपर्ने र मानवीय सहायतालाई प्रभावकारी बनाउनुपर्दछ ।

नेपालको संविधानले मानव अधिकारको प्रत्याभुती भए/नभएको अनुगमन गरि नेपाल सरकारलाई सिफारिस गर्न र मानव अधिकार उलैनको छानबिन गर्न सक्ने अर्धन्यायिक अधिकार सहित संविधानत: शक्तिशाली राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरेको छ । व्यवहारिक रूपमा भने आयोगको सुदृढिकरणका लागि धेरै काम गर्न बाँकी देखिन्छ ।नेपालमा वि.सं. २०७२ सालमा संविधान जारी भएपश्चात पनि संघियताको मर्म अनुरूप र आयोगको स्वायत्तता कायम राख्ने, कर्मचारीहरूको सेवा गठन लगायत कुराहरू समेटी हालसम्म पनि उक्त ऐन संसोधन हुन सकेको छैन । राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्लाल अन्तर्गतको स्तर निर्धारण उपसमितिले नेपालको आयोगको स्तर निर्धारणका क्रममा पछिल्लो पटक सन् २०२५ र यसअघि समेत नेपाललाई प्राप्त सिफारिस कार्यान्यन गर्न पनि आयोग ऐनको संसोधन अपरिहार्य रहेको छ । आयोगले नेपाल सरकार लाई गरेका सिफारिसहरू आशातित रूपमा कार्यान्वयन नहुँदा कैयौ पीडितहरू न्यायको पहुँचबाट बञ्चित हुनुपरेको अवस्था छ ।नेपालको छवि अन्तराष्ट्रिय स्तरमा नै सुधार गर्न पनि दलहरूले राष्ट्रिय मानव अधिकार संस्थालाई प्राथमिकतामा राखेर कार्य गर्नुपर्दछ ।

### मानव अधिकारप्रतिको दायित्व

राष्ट्रिय मानव अधिकार संस्था र संसदको सम्बन्धसम्बन्धी बेलग्रेड घोषणापत्र, सन् २०१२ ले उल्लेख गरेका कतिपय विषय दलहरूका लागि पनि मननयोग्य रहेका छन् । यसले मानव अधिकारको मूल्य, मान्यता र मर्म विपरित हुने गरि कुनै पनि कानून जारी नगर्ने, घरेलु कानूनलाई अन्तराष्ट्रिय मापदण्ड अनुकुल हुने गरी संसोधन गर्ने, सन्धिजनित निकायका सिफारिस कार्यान्वयन तथा अदालतले गरेका मानव अधिकारसम्बन्धी फैसलाको कार्यान्यनका लागि कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिनुपर्दछ । त्यसका साथै कतिपय पक्ष राष्ट्र बन्न बाँकी रहेका महासन्धिहरूमा हस्ताक्षर गर्ने, पक्ष राष्ट्र बन्दा आरक्षण राखेर पक्ष राष्ट्र भएका महासन्धिको धाराहरूमा रहेका आरक्षणलाई हटाउदै लैजाने विषय प्राथमिकतामा रहन आवश्यक छ ।

सन्धिजनित निकायमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदन समयमै पेश गर्ने, मानव अधिकार संयन्त्रबाट प्राप्त सिफारिसको कार्यान्वयनका लागि रणनीतिको विकास गर्ने लगायतका कार्यहरू पनि दलहरूले संसद र सरकारमार्फत गर्न सक्दछन् । नेपाल संयुक्त राष्ट्रसंघीय मुख्य महासन्धीहरू मध्ये जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी महासन्धि, २००६ तथा सबै आप्रवासी कामदारहरू तथा उनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० को पक्ष राष्ट्र छैन । यसका अतिरिक्त व्यक्तिगत सञ्चारसम्बन्धी बाल अधिकार महासन्धिको तेस्रो ऐच्छिक आलेख, यातना रोकथाम सम्बन्धी राष्ट्रिय संयन्त्र निर्माण र यसको कार्यदिशसम्बन्धी यातना विरूद्दको महासन्धिको ऐच्छिक आलेख, केही आईएलओ महासन्धिहरू सिर्जना भएका छन् ।

अन्तराष्ट्रिय फौजदारी न्यायालय सम्बन्धी रोम बिधान, २००२ को अनुमोदन, जातिय भेदभाव विरुद्धको महासन्धि लगायतमा रहेको आरक्षण हटाउनुपर्ने दवाव पनि बिभिन्न निकायबाट सिर्जना भएका छन् ।दलहरूले घोषणापत्र लेखन गरिरहदा यी र यस्ता मानव अधिकारका विषयहरूमा पनि ध्यान दिनैपर्दछ । अन्तमा, वेलायतलाई विधिको शासन र लोकतन्त्रको जननी मुलुक मानिन्छ ।लोकतन्त्र र विधिको शासनमा मात्र मानव अधिकारको संरक्षण र संवर्धन हुने गर्दछ । दलहरूको चुनावी घोषणापत्र मानव अधिकार संस्कारको विकासका लागि महत्वपूर्ण औजार हो ।कुनै पनि देशको वृहत् लक्ष्य नै मानव अधिकार संस्कृतिको निर्माण र मानव अधिकार संस्कारको विकास गर्नु हो । दलहरूले घोषणापत्र मार्फत मानव अधिकार संस्कृति निर्माणको उद्घोष गर्न सक्नुपर्दछ ।यसका लागि दलहरूको घोषणापत्र अधिकारमुखी बन्नुपर्दछ ।हाम्रो जस्तो विकासोन्मुख मुलुकका लागि अन्तराष्ट्रिय सम्बन्ध विस्तारको एक नरम शक्ति भनेको मानव अधिकार पनि हो ।त्यसैले पनि दलहरूले यसलाई प्राथमिकता दिनैपर्दछ ।

*(स्रोत: अनलाइनखबर)*

# राजनीतिमा युवा नेतृत्वको उदय

✍विश्वनाथ खरेल

नेपालको राजनीतिक इतिहासमा युवाको भूमिका सदैव महत्वपूर्ण रह्यो । राणा शासनविरुद्धको आन्दोलनदेखि वि.सं. २००७, २०१७, २०३६, २०४६, २०६२/०६३ र गत भाद्र २३-२४ गतेको जेनजी जनआन्दोलनको अग्रपङ्क्तिमा युवा नै थिए । नेपालले एउटा अभूतपूर्व जेनजी आन्दोलनको सामना गऱ्यो । जसमा भन्ने नै हो भने सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध र सुशासनको अभावविरुद्ध सडकमा ओर्लिएका १८ देखि २५ वर्षका युवाहरूले देशको राजनीतिक कोर्स नै परिवर्तन गरिदिए । यो आन्दोलन कुनै स्थापित दलले नेतृत्व गरेको थिएन, बरु प्रविधि र असन्तुष्टिले एकीकृत गरेको थियो ।

यस विद्रोहले के प्रमाणित गऱ्यो भने, अबको युवा पुस्ता भोट बैंक मात्र होइन, उनीहरू किङ मेकर र पोलिसी मेकर दुवै हुन् । हालैका दिनहरूमा विभिन्न वैकल्पिक शक्तिहरू एकै ठाउँमा आउनु र पुराना दलहरूभित्र पनि नेतृत्व हस्तान्तरणको दबाब बढ्नु यसैको परिणाम हो । तर विडम्बना के रह्यो भने, युवाहरू परिवर्तनका संवाहक त बने तर सत्ता र नेतृत्वका सारथी बन्न सकेनन् । जबकि देशमा भएका विभिन्न आन्दोलन सकिएपछि नेतृत्व सधैं पुरानै पुस्ताको हातमा फर्कन्थ्यो ।

पछिल्लो एक दशकमा नेपाली जनतामा व्याप्त चरम निराशा, भ्रष्टाचार र सुस्त गतिको विकासले एउटा यस्तो रिक्तता सिर्जना गऱ्यो, जहाँ आम नागरिकले विकल्प खोज्न थाले । यही विकल्पको खोजीले राजनीतिमा नयाँ र गहकिला युवा अनुहारहरूको उदय गरायो । तर विडम्बना के छ भने, निर्णय प्रक्रियामा पुराना नेताहरूको प्रभुत्व कायम रह्यो ।

अहिले भने परिस्थितिहरू बदलिँदै छन् । युवा नेतृत्वको माग र उदय दुवै बढ्दै गएको छ । हाल मुलुकमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्छ । यो समूह कुल जनसंख्याको करिब ४० प्रतिशत रहेको छ । यही वर्ग रोजगारी खोज्दै विदेशिन्छ, परिवर्तन चाहन्छ, प्रविधिसँग नजिक छ, पारदर्शिता र उत्तरदायित्व माग्छ । यस विशाल युवाशक्तिलाई राजनीतिक नेतृत्वमा रूपान्तरण नगरेसम्म लोकतन्त्र अधुरो रहन्छ, जसले देशको भविष्य निर्माणमा निर्णायक भूमिका खेल्न सक्छ । वस्तुत: युवाहरूले शिक्षा, प्रविधि, सामाजिक न्याय र पारदर्शितामा जोड दिने प्रवृत्ति देखाएका छन् । फलत: राष्ट्रमा दशकौँदेखि उही अनुहार, उही भाषण र उही बाचा दोहोरिँदै आएका छन्, जसमा भ्रष्टाचार नियन्त्रणमा असफलता, सुशासनको अभाव, युवाको पलायन रोक्न नसक्नु, रोजगारी सिर्जनामा कमजोरी, नीति निर्माणभन्दा सत्ताकेन्द्रित राजनीति आदि रहेका छन् । यी सबै कारणले पुरानो नेतृत्वप्रति जनविश्वास कमजोर हुँदै गयो । नेपालको राजनीति लामो समयसम्म सीमित व्यक्तिहरू, सीमित सोच र सीमित पुस्ताको वरिपरि घुमिरह्यो ।

*क्रमश: पृष्ठ-३...*

# जित होस् या हार, आजीवन जनताकै सेवामा रहनेछु: बिजय गौतम

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुर क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिष्ट पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार बिजय गौतमले बकैया गाउँपालिकाको विभिन्न वडामा घरदैलो, कार्यकर्ता भेटघाट र अगुवा कार्यकर्ता भेलामार्फत स्थानीय मुद्दालाई केन्द्रमा राख्दै जनसम्पर्कलाई तीव्र बनाएका छन् ।

गौतमले बकैया गाउँपालिका वडा नम्बर ४ छतिवन जुरेलीबाट घरदैलो सुरु गरे । वडा नम्बर ८ अन्तर्गत खजुलीदमार, गोठडाँडा, शिखरपुर, बकैयाठाकुर, अम्बासगढी र दामनगर कैजलेमा घरदैलो तथा नेता कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न भयो । यसक्रममा स्थानीयले सडक, विद्युत्, खेलमैदान, नदी नियन्त्रण, धार्मिक, पर्यटकीय क्षेत्रको विकास र रोजगारीका विषयमा गुनासो र सुझाव राखेका थिए । बकैया गाउँपालिका वडा नम्बर १० धुवाकोटबेसीमा अगुवा कार्यकर्ता भेला



तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन गरिएको छ ।

मकवानपुर क्षेत्र नम्बर १ बाट उम्मेदवार गौतमलाई विजयी गराउने उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रममा उनले स्थानीय समस्या र समाधानलाई आफ्नो मुख्य एजेन्डा बनाएको स्पष्ट पारे । गौतमले भने, 'म जितका लागि मात्र आएको होइन । जित होस् या हार, म आजीवन तपाईंहरुकै सेवामा निरन्तर काम गर्नेछु । यहाँका सडक, बागमतीको तटबन्धन, खेलमैदान, विद्युतीकरण, अम्बासगढी र बकैयाठाकुरजस्ता धार्मिक पर्यटकीय स्थलको विकास यी सबै विषय मेरो प्राथमिकतामा छन् ।' उनले ठूला आश्वासनभन्दा पनि स्थानीयसँगै बसेर समस्या समाधान गर्ने सारथी बन्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका बागमती प्रदेश कमिटी सदस्यहरु लक्ष्मी माझी, जीवन गोले, लोकनाथ गौतम, सुनिल खड्का, भक्तबहादुर खत्री, परशुराम गौतम, बकैया गाउँपालिका अध्यक्ष बिमल नेपाल, वडा नम्बर ८ का वडाअध्यक्ष विष्णु नेगी, जिल्ला कमिटी सदस्य लक्ष्मी सिलवाल, वाइसीएल मकवानपुर उपाध्यक्ष प्रेम लामाथिङलगायतका नेताले मन्तव्य राख्दै स्थानीय विकास र सुशासनका लागि गौतम उपयुक्त उम्मेदवार भएको बताए । कार्यक्रमको अध्यक्षता राजकुमारी भोम्जनले गरेकी थिइन् भने सञ्चालन अर्जुन वाइबाले गरेका थिए ।

यसैबीच उम्मेदवार गौतमले ललितपुर र मकवानपुरको सीमाना रहेको बकैया गाउँपालिका वडा नम्बर १० घैयाटारमा कार्यकर्ता भेटघाट तथा अन्तर्क्रिया गरेका छन् । त्यहाँ उनले भने-'राजनीति पदका लागि होइन, सेवाका लागि हो । तपाईंहरुको विश्वास नै मेरो सबैभन्दा ठूलो शक्ति हो ।'

# हस्पिटलले गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेश मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले भक्तपुरको लोकन्थलीमा अवस्थित गैरनाफामूलक सान हस्पिटलको निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा मुख्यमन्त्री बानियाँले हस्पिटलमा उपलब्ध किड्नी प्रत्यारोपण सेवासहित विभिन्न स्वास्थ्य सेवा तथा सुविधाको बारेमा जानकारी लिएका छन् । उनले हस्पिटलको भौतिक संरचना, सेवाप्रवाहको अवस्था तथा स्वास्थ्यक्षेत्रमा हस्पिटलले खेलेको भूमिकाको अवलोकन गरेका थिए । मुख्यमन्त्री बानियाँले गैरनाफामूलक रुपमा सञ्चालन भइरहेको सान हस्पिटलले सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न महत्वपूर्ण योगदान दिएको उल्लेख गर्दै प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले आगामी दिनमा बागमती प्रदेशभित्रका गरिब, निमुखा तथा विपन्न बिरामीको नि:शुल्क उपचारका लागि अस्पताल र प्रदेश सरकारबीच सहकार्य हुने उल्लेख गरे । निरीक्षणका क्रममा हस्पिटल व्यवस्थापन पक्षका प्रतिनिधिले हाल प्रदान गरिँदै आएका सेवा, भविष्यका योजना तथा चुनौतीबारे मुख्यमन्त्रीलाई जानकारी गराएका थिए ।

# भीमफेदीका किसानसँग बर्तौलाको भेटघाट



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/नेकपा एमालेबाट मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार महेशकुमार बर्तौलाले मंगलबार भीमफेदीका किसानसँग निर्वाचन केन्द्रित भेटघाट तथा छलफल गरेका छन् ।

भीमफेदी-५ सोलाभन्ज्याङ र दमारका दूध तथा तरकारी उत्पादक किसानसँगको संवादका क्रममा स्थानीयले बाँदर र दुम्सीले बालीनाली नष्ट पारेर हैरानी दिएको भन्दै नियन्त्रणका लागि कडा कानुन बनाउन माग गरेका छन् ।

स्थानीय किसान चित्र बहादुर रानाले बाँदरले खेतीपाती नष्ट पारेको दुखेसो पोख्दै सांसद निर्वाचित भएपछि बाँदर मार्न पाउने कानुन निर्माणका लागि पहल गरिदिन बर्तौलासँग आग्रह गरेका छन् ।

त्यस्तै, स्थानीय नारायणसिं भ्लोन र बद्री रेग्मीले दमारखोला तरेर सोलाभन्ज्याङ जाने पुल निर्माण र बाटो ढलानको कामलाई प्राथमिकतामा राख्न माग गरेका थिए । छलफलका क्रममा उम्मेदवार बर्तौलाले किसानको मुख्य समस्याका रुपमा रहेको बाँदर नियन्त्रणका लागि नीतिगत व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले बाँदर नियन्त्रणका लागि मासु निकासी गर्ने, बन्ध्याकरण गर्ने वा समुदायलाई मार्ने अधिकार प्रत्यायोजन गर्ने जस्ता विकल्पमा छलफल भइरहेको बताउँदै यसमा पशु अधिकारकर्मीको अनावश्यक दबाब रहने गरेको उल्लेख गरे । आफू स्थानीय बासिन्दा भएकाले यहाँका समस्यासँग नजिक रहेको बताउँदै बर्तौलाले संसद्मा नीति निर्माणसँगै विकास निर्माणमा पनि सक्रिय भूमिका खेल्ने आश्वासन दिए ।

उनले आज बिहानै भीमफेदी-६ स्थित पारिबजारमा स्थानीय बासिन्दासँग भूमिहीनका समस्या समाधानका विषयमा छलफल गरेका थिए । पारिबजारको भेटघाटमा स्थानीय पानकुमारी डिम्डुङले सदियौंदेखि भोगचलन गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा सास्ती खेप्नुपरेको बताउँदै एमालेकै नेतृत्वमा रहेको भूमि आयोगबाट यसपटक समस्या समाधान हुने विश्वास व्यक्त गरे । एमालेका निर्वाचन फोकल पर्सन आशिष अस्लामीका अनुसार भेटघाटमा एमालेका नेता बलराम बल, भगवती पुडासैनी, पार्वती राना, सानु थापा, सीता लामा र जहारसिं लामा लगायतको उपस्थिति थियो । निर्वाचन नजिकिँदै गर्दा बर्तौलाले गाउँगाउँमा पुगेर मतदाताका समस्या सुन्ने र आशिर्वाद लिने क्रमलाई तीव्रता दिएका छन् ।

टी-२० विश्वकप २०२६ :

# 'विश्रुवकपको दबाब सम्हाल्न सक्षम छौं'-कप्तान

मुम्बई/नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेलले विश्वकपमा दबाब स्वाभाविक हुने बताउँदै त्यसलाई राम्रोसँग सम्हाल्न सक्ने टोली नै सफल हुने बताएका छन् ।

टी-२० विश्वकप अन्तर्गत इटलीसँग बिहीबार हुने खेलअघि मंगलबार भएको प्रि-म्याच प्रेस कन्फेरेन्समा रोहितले नेपालले पर्याप्त खेलहरू खेलेकाले दबाब कसरी व्यवस्थापन गर्ने भन्ने अनुभव रहेको बताए । 'विश्वकपमा खेल्दा दबाब अवश्य हुन्छ, दबाब जसले झेल्न सक्छ उही सफल हुन्छ' कप्तान रोहितले भने, 'हामीले धेरै दर्शकको अगाडि पछिल्लो समय धेरै खेलहरू खेल्दै आएका छौं र दबाब सम्हाल्न सक्षम छौं ।'

इंग्ल्यान्डसँगको पछिल्लो खेलबाट विशेषगरी कठिन परिस्थितिमा निर्णय लिने क्षमता र दबाब सम्हाल्ने पक्षमा महत्वपूर्ण सिकाइ भएको उनको भनाइ थियो । 'इंग्ल्यान्डसँगको खेलपछि हामीले क्रन्च सिचुएसनमा कसरी निर्णय लिने र दबाब सम्हाल्ने बारेमा सिकेका छौं । आगामी खेलमा त्यहीअनुसार प्लान गर्नेछौं' रोहितले भने, 'टोलीको आत्मविश्वास पनि राम्रो रहेको छ, आगामी खेलमा अझ राम्रो प्रदर्शन गर्नेछौं ।'

रोहितले वेस्ट इन्डिज र स्कटल्यान्डजस्ता टोलीहरूसँग खेल्दा दबाब झेल्नु र योजनाहरू सही ढंगले कार्यान्वयन गर्नु एकदमै महत्त्वपूर्ण हुने बताए । कप्तान रोहितले इटलीलाई पनि राम्रो टोली रहेको बताउँदै हल्का रूपमा नलिने समेत बताए । 'विश्वकप खेल्ने हरेक टिम राम्रो नै हुन्छ । पछिल्लो समय इटलीले पनि राम्रो प्रदर्शन गरिरहेको छ । त्यसकारण हल्का रूपमा लिने छैनौं' उनले भने, 'हामीले विश्वकपको उत्कृष्ट टोलीमध्ये एकसँग खेलिसकेका छौं, त्यसले इटाली विरुद्धको खेलका लागि मनोबल बढाएको छ ।'

इटली पहिलो खेलमा पराजित भएर वाङ्खडेमा खेल्न आउँदै छ । नेपालले भने समूह चरणका सबै खेल मुम्बईस्थित वाङ्खडे स्टेडियममा खेल्नेछ । यहाँ सबै खेल खेल्न पाउनु फाइदाको विषय भएको रोहितले बताए । 'वाङ्खडे मैदानको विकेट नेपाली टोलीका लागि सुहाँउदो छ, यहाँ सबै खेल खेल्नु नेपालका लागि प्लस प्वाइन्ट हो' रोहितले भने ।

रोहितले एक्सपोजर कमी भएकोबारे गुनासो गर्दै धेरैभन्दा धेरै अन्तर्राष्ट्रिय शृंखला खेल्न पाउँदा राम्रो हुने बताए । 'गत संस्करणको टी-२० विश्वकपपछि टेस्ट राष्ट्र (वेस्ट इन्डिज) सँग एउटा मात्र सिरिज भयो, हामीले जस्तो एक्सपोजर र अनुभवको अपेक्षा गरेका थियौं त्यो पाउन सकेनौं' रोहितले भने, 'वर्षमा ६-७ वटा नभएपनि २-३ वटा शृंखला नियमित भयो भने हामीलाई धेरै मद्दत पुग्नेछ, नियमित रूपमा अन्तर्राष्ट्रिय शृंखला खेल्ने अवसर पाए नेपाली खेलाडीहरूको क्षमता अझ परीक्षण हुन्छ र विकासमा पनि सहयोग पुग्छ ।'

नेपालको प्रि म्याच कन्फेरेन्सपछि आएका वेस्ट इन्डिजका मुख्य प्रशिक्षक डारेन सामीले पनि टेस्ट राष्ट्रसँग एसोसियट राष्ट्रले शृंखला खेल्दा धेरै एक्सपोजर पाउने कुरा उल्लेख गरेका थिए । इंग्ल्यान्डसँग गरेको प्रदर्शनपछि नेपाली टोलीलाई अन्तर्राष्ट्रिय स्तरमा थप चर्चा दिलाएको भन्दै रोहितले अस्ट्रेलिया र भारत जस्ता विश्वका उत्कृष्ट टिमलाई नेपालमा स्वागत रहेको बताए ।

'अस्ट्रेलिया, इंग्ल्यान्ड जस्ता टिम नेपालस्थित कीर्तिपुर मैदानमा आएर खेल्नु भनेको हाम्रो लागि पनि धेरै ठुलो कुरा हुनेछ, यहाँको दर्शकबाट पनि साथ पाउनेछन्, नेपालमा न्यानो स्वागत हुनेछ' रोहितले भने, 'यदि ठूला टोलीहरू नेपाल आए भने हाम्रो क्रिकेट अझै फस्टाउनेछ र यसले क्रिकेटको विकासमा पनि मद्दत पुग्नेछ ।'

रोहितले नेपाल प्रिमियर लिग (एनपीएल) बाट पनि खेलाडीलाई राम्रो एक्सपोजर मिलेको उल्लेख गरे । 'एनपीएलकै कारण स्थानीय खेलाडीहरूले पनि विश्वका उत्कृष्ट खेलाडीसँग खेल्ने र ड्रेसिङ रुम शेयर गर्ने अवसर पाएका छन्' रोहितले भने ।

# लागूऔषधविरुद्धको अभियान प्रभावकारी




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ समाजमा बढ्दो लागूऔषध दुर्व्यसन न्यूनीकरण, युवापुस्तामा सकारात्मक जीवनदृष्टिको विकास तथा शैक्षिक संस्थामार्फत समुदायस्तरमा सचेतना विस्तार गर्ने उद्देश्यले सञ्चालन भइरहेको ३ महिने लागूऔषध विरुद्धको अभियानअन्तर्गत मकवानपुर बहुमुखी क्याम्पसको सभाहलमा सचेतना कार्यक्रम भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन गरिएको कार्यक्रम जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीको प्रमुख आतिथ्यतामा भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक श्यामबहादुर खत्री, मकवानपुर बहुमुखी क्याम्पस प्रमुख डा. यम सिलवाललगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि जोशीले लागूऔषध दुर्व्यसन आजको गम्भीर सामाजिक चुनौती भएको उल्लेख गर्दै यसको न्यूनीकरणका लागि प्रशासन, सुरक्षा निकाय, शैक्षिक संस्था तथा पुनर्स्थापना केन्द्रबीच समन्वयात्मक सहकार्य अपरिहार्य रहेको बताए ।

उनले अभियानलाई परिणाममुखी बनाउन सबै सरोकारवालाको सक्रिय सहभागिता आवश्यक रहेको धारणा व्यक्त गरे । प्रहरी उपरीक्षक खत्रीले लागुऔषध नियन्त्रण, कानुनी कार्यान्वयन तथा समुदाय प्रहरी साझेदारीलाई सुदृढ गर्दै युवालाई दुर्व्यसनबाट जोगाउन प्रहरी प्रशासन प्रतिबद्ध रहेको बताए । सहायक क्याम्पस प्रमुख संगम चौलागाईंले शैक्षिक संस्था ज्ञानआर्जनको केन्द्र मात्र नभई सामाजिक रुपान्तरणका अभियन्ता पनि भएकाले यस्ता अभियानमा क्याम्पसको निरन्तर सहकार्य रहने प्रतिबद्धता व्यक्त गरे ।

मकवानपुर बहुमुखी क्याम्पस र सिआन पुनर्स्थापना केन्द्रबीच दुर्व्यसनविरुद्ध शैक्षिक सहकार्य विस्तार गर्ने विषयमा सम्झौता गर्ने प्रस्ताव गरिएको थियो । प्रस्तावअनुसार क्याम्पसस्तरमा सचेतना, परामर्श, पुनर्स्थापना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने योजना सार्वजनिक गरिएको छ । सहायक क्याम्पस प्रमुख चौलागाईं, स्वतन्त्र विद्यार्थी युनियनका सभापति प्रसिद्ध रेग्मी, रिकभरिङ नेपाल बागमती प्रदेशका प्रतिनिधि, सिआन पुनर्स्थापना केन्द्रका प्रतिनिधि तथा विद्यार्थीको सहभागिता रहेको कार्यक्रमले शैक्षिक संस्था, सुरक्षा निकाय र पुनर्स्थापना क्षेत्रबीच सहकार्यको नयाँ आधार निर्माण गर्नुका साथै युवामाझ लागूऔषध दुर्व्यसनविरुद्ध सकारात्मक सन्देश प्रवाह गर्न महत्वपूर्ण योगदान पुऱ्याएको जनाएको छ ।

# राजनीतिमा युवा...

मुलुकको राजनीतिक परिदृश्यलाई अवलोकन गर्ने हो भने प्रजातन्त्र, बहुदल, गणतन्त्र र संघीयता जस्ता ठूला राजनीतिक परिवर्तनहरू भए पनि नेतृत्वको चरित्र, कार्यशैली र प्राथमिकतामा अपेक्षित परिवर्तन हुन सकेन । यही कारणले नेपाली राजनीति जनतामाझ निराशा, अविश्वास र वितृष्णाको विषय बन्यो ।

तर पछिल्ला केही वर्षयता यो निराशाबीच एउटा आशाको किरण देखिन थालेको छ । विगतदेखि वर्तमानको परिपेक्ष्यलाई दृष्टिगत गर्ने हो भने गहकिलो युवा नेतृत्वको उदय बेला-बेलामा हुँदै आएको छ । जबकि राजनीतिमा नयाँ पुस्ताको सक्रिय सहभागिता, वैकल्पिक राजनीतिक धार, मुद्दामुखी बहस र नैतिकताको मागले नेपाली राजनीति नयाँ मोडतर्फ उन्मुख हुँदै गएको संकेत गरेको छ ।

फलत: नेपालको राजनीतिक इतिहास हेर्दा, यो भूमि सधैं साहसिक परिवर्तन, जनआन्दोलन र राजनीतिक पुनर्निर्माणको कथा भएर आएको छ । तर वर्तमान समयमा, यहाँ एउटा अभूतपूर्व र ऐतिहासिक परिवर्तन घटिरहेको छ- एक नयाँ पुस्ताको उदय भएको छ, जो केवल उमेरको आधारमा नभएर चिन्तन, दृष्टिकोण, प्रविधि प्रयोग र सामाजिक जिम्मेवारीको नयाँ परिभाषा लिई आइरहेको छ । यो युवा नेतृत्वको उदय केवल राजनीतिक सत्ताको हस्तान्तरण मात्र होइन, बरु एउटा सम्पूर्ण राजनीतिक संस्कृतिको पुनर्परिभाषा हो ।

नेपाली राजनीतिमा युवा नेतृत्वको उदयलाई बुझ्नको लागि यसको विपरीत स्थितिलाई पनि बुझ्नु आवश्यक छ । दशकौंसम्म नेपालको राजनीति वरिष्ठ, अनुभवी र पदानुक्रम माथि आधारित रह्यो । यसमा खासगरीकन भन्ने नै हो भने माओवादी दशकदेखि लिएर प्रजातन्त्रको पुनर्स्थापना र शान्ति प्रक्रियापछिको समयमा पनि मुख्य नेतृत्व पुरानो पुस्ताको हातमा नै केन्द्रित रह्यो । यसका केही कारणहरु रहेका थिए । पहिलो कारणमा युद्ध र संक्रमणको बोझले गर्दा देश लामो गृहयुद्ध र जटिल शान्ति प्रक्रियाबाट गुजिरहेको थियो ।

जसले अनुभव र स्थिरतालाई प्राथमिकता दिन बाध्य बनायो । त्यसै गरी दोस्रो कारणमा पार्टी संरचनाको कठोरताले गर्दा धेरै राजनीतिक दलहरूमा कार्यकर्तादेखि नेतासम्मको यात्रा लामो, पदानुक्रमित र वरिष्ठतामा आधारित थियो । युवाशक्तिलाई भविष्यको नेताको रूपमा हेरे तापनि वर्तमानको निर्णय प्रक्रियाबाट टाढा राखिन्थ्यो । त्यसरी नै तेस्रो कारणमा भने सामाजिक-आर्थिक अवस्थालाई नियाल्दा शिक्षा, सञ्चार र आर्थिक अवसरको सीमितताले युवाहरूको राजनीतिक सहभागिता प्रत्यक्ष राजनीतिक आन्दोलनभन्दा विद्यार्थी राजनीति वा सामाजिक संलग्नतासम्म सीमित थियो ।

युवा नेतृत्वको यस गहकिलो उदयको लागि केही गहिरो र संरचनात्मक कारणहरु पनि जिम्मेवार रहेका छन् । जसमा संविधान २०७२ र संघीयताको संरचनाले नयाँ संविधानले स्थानीय, प्रदेश र राष्ट्रिय तीनै तहमा निर्वाचनको व्यवस्था गऱ्यो । यसले सयौंको संख्यामा नयाँ र युवा उम्मेदवारहरूलाई मैदानमा उत्रने मौका दियो । स्थानीय तहका युवा मेयर, उपमेयर, सभापतिहरूले आफ्नो कार्यदक्षताले राष्ट्रिय स्तरमा पनि चिनिन थाले । त्यसै गरी सञ्जाल युग र सूचनाको लोकतन्त्रले गर्दा सोसल मिडियाको प्रभावले राजनीतिक संवादको केन्द्र परम्परागत मिडिया र पार्टी कार्यालयबाट सिधै जनतासम्म सार्‍यो । युवा नेताहरूले फेसबुक, ट्विटर, इन्स्टाग्राम, टिकटकजस्ता माध्यमहरूबाट सीधा सम्पर्क, जनसमर्थन जुटाउनुको साथै पार्टीभित्र पनि आफ्नो उपस्थिति सुदृढ बनाए । यसले पार्टीको भित्री पदानुक्रमलाई चुनौती दिएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

# घोडा वर्षको अवसरमा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ तामाङ समुदायको महान पर्व सोनाम ल्होछार २८६२ ता ल्हो (घोडा वर्ष) को अवसरमा हेटौंडा उपमहानगरपालिका-१४, उत्तरपानीस्थित सिङ्तानटोलमा शुभकामना आदानप्रदान भएको छ ।



सिङ्तान टोल परिवारको आयोजनामा सम्पन्न कार्यक्रममा स्थानीय बासिन्दा, समाजसेवी, बुद्धिजीवी तथा तामाङ समुदायका अग्रजको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा लामा गुरुद्वारा पूजा, ग्रहशान्ति गरिएको थियो भने सहभागीले एकआपसमा शुभकामना साटासाट गरेका थिए । तामाङ समुदायको मौलिक संस्कृति झल्कने भेषभूषा, उर्गेन पेमा डुप्केलिङ बौद्ध गुम्बा हेटौंडा-१४ का प्रमुख लामाद्वारा ल्होछारको महत्व र पञ्चशीलको आवध्यकता विषयमा प्रवचन गरिएको थियो ।

गुम्बाका उपाध्यक्ष कमल सिन्तानले सोनाम ल्होछारले समुदायबीच आपसी सद्भाव, भाइचारा र सांस्कृतिक पहिचान संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । तामाङ समुदायले सोनाम ल्होछारलाई नयाँ वर्षकारुपमा मनाउने परम्परा रहँदै आएको छ । यस अवसरमा घरघरमा पूजा, आफन्त तथा परिवारबीच भेटघाट र सांस्कृतिक कार्यक्रम आयोजना गर्ने चलन रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# भ्रष्टाचार नियन्त्रणमा ठोसप्रगति देखिएन: ट्रान्सपरेन्सी इन्टरनेशनल

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ नेपालले भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस प्रगति गर्न नसकेको प्रतिवेदनले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) ले मंगलवार सार्वजनिक गरेको भ्रष्टाचार धारणा सूचकांक (सीपीआई) २०२५ का अनुसार नेपालको भ्रष्टाचारसम्बन्धी सूचकांक यथावत नै रहेको छ ।




नेपालको स्थिति गतवर्षकै यसवर्ष पनि ३४ अंकमै सीमित भएको छ । ६ वटा अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ को अगस्टसम्म उपलब्ध सुशासनसम्बन्धी तथ्यांकका आधारमा नेपालको स्कोर निर्धारण गरेको टीआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले जानकारी दिएका छन् । उनकाअनुसार लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक प्राप्त गर्दै आएको छ । सूचकांकमा १०० अंकले भ्रष्टाचाररहित र शुन्य अंकले अत्याधिक भ्रष्ट अवस्थालाई जनाउँछ । सन् २०२५ मा विश्वका दुईतिहाइ देशले १०० मा ५० भन्दा कम अंक प्राप्त गरेका छन्, जसले ती देश भ्रष्टाचार नियन्त्रण गर्न असफल रहेको संकेत गर्दछ । नेपालले ३४ अंक प्राप्त गर्नुले नेपाललको सत्तामा आएकाहरुले भ्रष्टाचारविरुद्ध प्रभावकारी काम गर्न नसकेको पुष्टि गरेको अध्यक्ष शर्माले बताए ।

भदौ २३ र २४ को जेनजी आन्दोलन तथा मुलुकले व्यहोरेको अपूरणीय धनजन क्षतिको मूल कारणमध्ये बढ्दो भ्रष्टाचार रहेको दाबीलाई यस सूचकांकले थप पुष्टि गरेको उनको भनाई छ । उनकाअनुसार भ्रष्टाचारग्रस्त मुलुकमा सन् २०२५ मा जेनजी पुस्ताको नेतृत्वमा भ्रष्टाचारविरुद्ध प्रदर्शन भएका छन् । नेपाल, मडागास्कर, फिलिपिन्स र इण्डोनेशिया लगायत देशमा युवाले नेतृत्वतहको शक्ति दुरुपयोग, सुलभ सार्वजनिकसेवा, रोजगारी र आर्थिक अवसरबाट वञ्चित हुनुपरेको भन्दै सडक आन्दोलन गरेका छन् । उनले जेनजी तथा युवा आन्दोलनबाट राजनीतिक भ्रष्टाचार निर्मूल गर्ने चाहना स्पष्टरुपमा देखिएको बताए ।

आसन्न निर्वाचनबाट भ्रष्टाचारमा नमुछिएका, इमान्दार र प्रतिवद्ध नेतृत्व चयन हुनुपर्ने उनको भनाई छ । यस्तो नेतृत्व चयन हुनसके मात्र दशकौँदेखि जकडिएको भ्रष्टाचार नियन्त्रणमा ठोस सुधार सम्भव हुने आशा गर्न सकिने उनले बताए । उनले भने, 'नेपालको अंक गतवर्ष जस्तै यसवर्ष पनि ३४ नै रहेको छ । नेपालमा कुनै सुधार देखिएको छैन, त्यो हामीले देखेका नै छौँ । ६ वटा अन्तर्राष्ट्रिय संस्थाद्वारा सन् २०२५ को अगष्ट महिनासम्मका सुशासनसम्बन्धी तथ्यांकलाई आधार बनाई नेपालको अंक निर्धारण गरिएको छ । लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक पाउँदै आएको सन्दर्भमा सूचकांकमा तल्लो तहमा रहेको यस अंकले नेपालमा पटकपटक सत्तामा रहेका सरकार द्वारा भ्रष्टाचार विरुद्ध ठोस काम गर्न नसकेको देखाएको छ । निर्वाचित भएर आउने जनप्रतिनिधि राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेका मुख्य समस्या एवं कमीकमजोरी समाधान गर्नेतर्फ केन्द्रित रहनुका साथै जेनजी आन्दोलनको उद्देश्य प्राप्तितर्फ सम्बेदनशील हुन जरुरी छ ।'

पछिल्लो दशकमा विश्वव्यापी रुपमा भ्रष्टाचार नियन्त्रणमा पनि प्रगति न्युन रहेको देखाएको उनले बताए । सर्वेक्षणमा समेटिएका १८२ देशमध्ये अधिकांश देशको अवस्था विगत वर्षको तुलनामा कमजोर बनेको छ । सूचकांक अनुसार सन् २०२५ मा विश्वको औसत स्कोर ४२ कायम भएको छ, जुन अघिल्लो वर्षभन्दा एक अंक कम हो । एक दशकअघि ८० भन्दा बढी अंक प्राप्त गर्ने देशको संख्या १२ रहेकोमा यसवर्ष घटेर ५ मा सीमित भएको छ । सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था झनै खस्किँदै गएको टीआईले जनाएको छ । सुधार देखाउने देशको संख्या भने ३१ मात्र रहेको छ । यसवर्ष पनि डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने देशको सूचिमा शीर्ष स्थानमा रहँदै ८९ अंक प्राप्त गर्न सफल भएको छ । दक्षिण सुडान र सोमालिया भने ९-९ अंकसहित सबैभन्दा बढी भ्रष्टाचार हुने देशकारुपमा सूचिकृत भएका छन् ।

दक्षिण एशियाली राष्ट्रमध्ये भुटानले ७१ अंक प्राप्त गर्दै तुलनात्मकरुपमा राम्रो स्थिति देखाएको छ । भारत र मालदीभ्सले समान ३९ अंक, श्रीलंकाले ३५, पाकिस्तानले २८, बंगलादेशले २४ र अफगानिस्तानले १६ अंक प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनको अंक ४३ रहेको छ । भुटानबाहेक अधिकांश दक्षिणएशियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रुपमा रहेको सूचकांकले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले भ्रष्टाचार प्रवृत्तिकारुपमा बढ्दै जानु गम्भीर चिन्ताको विषय भएको जनाएको छ ।

स्थापित प्रजातान्त्रिक देशमा समेत नेतृत्व क्षयका कारण भ्रष्टाचार बढ्दै जाँदा लोकतन्त्र कमजोर बन्दै गएको, नागरिक स्वतन्त्रता साँघुरिँदै गएको र विकास अपेक्षित गतिमा अघि बढ्न नसकेको अवस्था सिर्जना भएको टीआईको निष्कर्ष छ । टीआईले राजनीतिक नेतृत्वलाई भ्रष्टाचार नियन्त्रणप्रति दृढ प्रतिवद्धता जनाउन, कानूनको पूर्णकार्यान्वयन गर्न, अन्तर्राष्ट्रिय प्रतिवद्धता लागू गर्न र नियमनकारी निकाय सुदृढ बनाउन आह्वान गरेको छ । अन्तरदेशीय पुँजी पलायन रोक्न कानूनी छिद्र बन्द गर्नुपर्नेमा जोड दिएको छ ।

### मकवानपुरमा ग्यासको अभाव भएको उपभोक्ताको गुनासो

# व्यवसायी भन्छन्: ग्यासको अभाव छैन, अनावश्यक स्टक नगरौं



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ पछिल्लो समय मकवानपुरमा पनि खाना पकाउने एलपी ग्यासको अभाव देखिएको छ । उपभोक्ताले दैनिक आवश्यकता भन्दा कम मात्र ग्यास पाएको गुनासो गरेका छन् ।

स्थानीय ग्यास बिक्री गर्ने पसलमा पनि ग्यास पर्याप्त मात्रामा ग्यास नआएको गुनासो गरेका छन् । १५ सिलिन्डर माग गर्दा मात्र ४ सिलिन्डर उपलब्ध भएको उनीहरुले बताएका छन् । यता, ग्यास व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष विनोदमान श्रेष्ठले बजारमा ग्यास हाहाकार नभएको दाबी गरे । बजारमा पर्याप्त ग्यास आएको भएपनि उपभोक्ताले आवश्यकता भन्दा बढी भण्डारण गरेकाले अस्थायी अभाव जस्तो देखिएको उनले बताए । अध्यक्ष श्रेष्ठले अनावश्यक रुपमा ग्यास नथुपार्न उपभोक्तालाई आग्रह गरे ।

ग्यास अभावको डरले उपभोक्ता, होटल रेस्टुरेन्ट व्यवसायीले समेत स्टक राख्न थालेका कारण बजारमा कृत्रिम चाप देखिएको बताइएको छ । आपूर्तिमा समस्या परेमा अथवा ग्यास नपाए कार्यालय समयभित्र आयल निगमको हटलाइन नम्बर ०१-५९७१९०२ मा सम्पर्क गरी उजुरी गर्न आयल निगमले अनुरोध गरेको छ । निगमले एलपी ग्यासको आयात र बिक्री वितरण नियमित भइरहेको दाबी गर्दै उपभोक्ताले आवश्यकता अनुसार मात्र ग्यास खरिद गर्न सुझाएको छ । बजारमा खानेतेल, खाना पकाउने ग्यासलगायत सामग्रीको कृत्रिम अभाव देखिएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले स्थलगत अनुगमन तथा निरीक्षणलाई तीव्रता दिएको छ ।

विभागले उपभोक्तालाई अतिआवश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, विक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म एवं प्रतिष्ठानमा निरन्तररुपमा अन्य निकायको सहयोग लिइ संयुक्त: बजार अनुमगन अगाडि बढाइएको उल्लेख गरेको छ । सहजरुपमा उपभोक्तालाई राहत दिन, उपभोग्य वस्तुको कृत्रिम अभाव गराउनेलाई कारबाहीको दायरामा ल्याउन विभागले प्रभावकारीरुपमा अनुमगन गरिरहेको उल्लेख गरेको छ । पछिल्ला दिनमा विशेष गरी खाना पकाउने ग्यासको अभाव देखाएर उपभोक्तालाई दु:ख दिने काम भइरहको छ ।

कानुनविपरीतका काम गर्नेलाई विभागले कारबाहीको दायरामा ल्याइएको उल्लेख गरेको छ । विभागले प्रचलित कानुन विपरीतका कुनै पनि क्रियाकलाप भएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने स्मरण गराएको छ । नेपाल आयल निगमले बजारमा खाना पकाउने ग्यासको सहज आपूर्ति भएको दाबी गरिरहेको भएपनि उपभोक्ताले सहजरुपमा पाउन नसकेको गुनासो गरेका छन् । अत्यधिक गुनासो बढेपछि विभागले आवश्यक सक्रियता देखाएको हो ।

# पालुङ जेसीजको २६ औं पदस्थापना तथा पुरस्कार वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/पालुङ जेसीजको २६ औं पदस्थापना एवम् पुरस्कार वितरण कार्यक्रम सोमबार सम्पन्न भएको छ । थाहा नगर पालिकास्थित जेसीज हलमा आयोजित कार्यक्रममा थाहा नगर उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यता रहेको थियो ।

उपप्रमुख गोपालीले युवा नै राष्ट्र र समाजको भविष्य भएको उल्लेख गर्दै युवाको नेतृत्व क्षमता विकासमा पालुङ जेसीजले खेलेको भूमिकाको प्रशंसा गरेका छन् । उनले नेतृत्व, सीप, सामाजिक उत्तरदायित्व र सकारात्मक सोच विकासमा जेसीजजस्ता संस्थाको भूमिका महत्वपूर्ण रहेको बताउँदै थाहा नगर पालिका सधैं युवामैत्री कार्यक्रम र गतिविधिमा सहकार्य गर्न तयार रहेको स्पष्ट पारे । 'युवा सक्षम भएमात्र स्थानीय सरकार, समाज र देश बलियो बन्छ,' उनले भने, 'युवाको नेतृत्व विकासका लागि जेसीजसँग समन्वय र सहकार्य गर्न नगरपालिका सदैव तत्पर छ ।'

वर्ष २०२५ का अध्यक्ष माधव कार्कीले वर्ष २०२६ का लागि निर्वाचित अध्यक्ष सन्जय गोपालीलाई औपचारिक रुपमा पदभार हस्तान्तरण गरेका थिए । वर्ष २०२५ मा पालुङ जेसीजका पदाधिकारी तथा संस्थालाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्थालाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो । वर्ष २०२६ का लागि निर्वाचित अध्यक्ष गोपालीलाई वर्ष २०२५ का अध्यक्ष कार्कीले पद तथा गोपनीयताको सपथ गराएका थिए भने वर्ष २०२६ का सम्पूर्ण पदाधिकारीलाई निर्वाचित अध्यक्ष गोपालीले सपथग्रहण गराए ।

पालुङ जेसीजको साधारण सभाबाट वर्ष २०२६ का लागि उपाध्यक्षमा बिश्वराम पौडेल, नविना बिष्ट, कमल बिष्ट र राधाकृष्ण लामिछाने चयन भएका छन् । कार्यकारी उपाध्यक्षमा अजय कार्की र प्रकाशचन्द ठकुरी चयन भएका हुन् । अध्यक्ष गोपालीले महासचिवमा अन्जय प्रधान र कोषाध्यक्षमा उद्दव बिडारीलाई मनोनित गरे । कार्यक्रममा हेटौंडा जेसीज वर्ष २०२६ का अध्यक्ष सन्तोष पराजुली, मकवानपुरगढी जेसीजका अध्यक्ष इरोन न्यौपाने, चैनपुर जेसीजका अध्यक्ष आशिष बास्तोला, बसमाडी जेसीजका अध्यक्ष दीपेन्द्र यादव, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल, पूर्वअध्यक्षहरु खड्ग गोपाली, सानोभाइ कार्कीलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको आतिथ्यता थियो ।

### रामेछापमा बस दुर्घटना:

# ज्यान गुमाएका १२ मध्ये १० जनाको सनाखत



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ रामेछापको सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा ज्यान गुमाएका १२ मध्ये १० जनाको सनाखत भएको छ ।

ज्यान गुमाउनेहरुमा रामेछापको लिखुतामाकोशी गाउँपालिका-७ का ३८ वर्षीय भीमबहादुर तामाङ, ३५ वर्षीया सानुमाया तामाङ, २६ वर्षीया रमिता तामाङ र ३१ वर्षीया तारा तामाङ, लिखुतामाकोशी-४ की २२ वर्षीया बबी तामाङ र २६ वर्षीय दीपेन्द्र बस्नेत, लिखु तामाकोशी-६ का दीपेश बस्नेत र लिखु-६ की ४५ वर्षीया मानकुमारी बरुवाल, सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ का ३४ वर्षीय शिव श्रेष्ठ र दोलखाको भीमेश्वर नगरपालिका-८ का ६० वर्षीय मानबहादुर तामाङ रहेका मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. केशवसिंह धामीले जानकारी दिए ।

ज्यान गुमाएका दुईजनाको सनाखत हुन बाँकी छ । रामेछापका प्रहरी नायवउपरीक्षक भोला भट्टका अनुसार बस दुर्घटनामा चालकसहित आठजना घाइते भएका छन् । घाइतेहरुको खुर्कोटमा रहेको शुभजीवन अस्पताल, मन्थली अस्पताल र तामाकोशी अस्पतालमा उपचार भइरहेको छ । बसका बाँकी यात्रुको अझै खोजी भइरहेको प्रहरीले जनाएको छ । काठमाडौंबाट ओखलढुंगाका लागि छुटेको अरनिको यातायातको प्रदेश ०३-०१-००५ ख ९९७५ नम्बरको बस मन्थली नगर पालिका-६ मसानटार सडकबाट तल तामाकोशी नदीमा खसेको थियो ।

# माउन्ट एभरेष्टमा बृहत् शैक्षिक प्रदर्शनी




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ विद्यालयको शैक्षिक गतिविधिलाई अझ प्रभावकारी बनाउने उद्देश्यले हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित माउन्ट एभरेष्ट बोर्डिङ स्कुलले बृहत् शैक्षिक प्रदर्शनी आयोजना गरेको छ ।

यसअघि विद्यालयमा गणित र विज्ञान विषयका मात्रै प्रदर्शनी हुँदै आएकोमा यस वर्षदेखि सबै विषय समेटेर विषयगत शैक्षिक प्रदर्शनी आयोजना गरिएको विद्यालयले जनाएको छ । मंगलबार आयोजित प्रदर्शनीमा विज्ञान, गणित, नेपाली, सामाजिक अध्ययन, अंग्रेजी, कम्प्युटरलगायत सबै विषयका सामग्री समावेश गरिएको हो । प्रदर्शनीमा विद्यार्थीले पाठ्यपुस्तकमा रहेका विषयवस्तुमा आधारित रहेर विभिन्न चार्ट, प्रयोगात्मक चित्रहरु तयार पारेका थिए । नेपाली र अंग्रेजी विषयअन्तर्गत व्याकरणीय ज्ञान प्रस्तुत गरिएको थियो भने कम्प्युटर विषयतर्फ आधारभूत कम्प्युटर प्रणाली र प्रविधिसम्बन्धी जानकारी राखिएको थियो ।

सामाजिक अध्ययनतर्फ विभिन्न चाडपर्व, जातजाति विशेष भेषभूषा, कृषिउत्पादन, मौसमसम्बन्धी जानकारी, राष्ट्रिय चिन्हलगायत सामग्री प्रदर्शन गरिएको थियो । परम्परागत कृषिऔजार हलो, जाँतो, पानीघट्टलगायत सामग्रीसमेत प्रदर्शनीमा राखिएको थियो । विद्यार्थीले कक्षाकोठामा उपलब्ध हुने सामग्री प्रयोग गरी रोबोट, ल्यापटपजस्ता नमुना सामग्री पनि निर्माण गरेका थिए । प्रदर्शनीमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीका सामग्री बिहान १० बजेदेखि १२ बजेसम्म र कक्षा ६ देखि ९ सम्मका विद्यार्थीले तयार पारेका शैक्षिक सामग्री त्यसपछि प्रदर्शन गरिएको विद्यालयले जनाएको छ ।

नेपाल सरकारले पाठ्यक्रममा अवलम्बन गरेको विद्यार्थी केन्द्रित सिकाइ विधिअनुसार प्रदर्शनी आयोजना गरिएको विद्यालयका प्रिन्सिपल रामहरि रिमालले बताएका छन् । उनका अनुसार विद्यार्थीले आफैँ बनाएर, हेरेर र बुझेर सिक्ने वातावरण सिर्जना गर्ने उद्देश्यले प्रदर्शनी गरिएको हो । यसले विषयवस्तुबारे थप जान्न र बुझ्न विद्यार्थीलाई सहयोग पुग्ने उनले बताए । प्रदर्शनीले विद्यार्थीमा व्यवहारिक ज्ञान, आत्मविश्वास र सिर्जनशीलताको विकासमा सहयोग पुगेको विद्यार्थीले बताएका छन् । किताबमा रहेका विषयलाई प्रयोगात्मक रुपमा आफैँ तयार गर्दा सिकाइ उपलब्धि अझ राम्रो हुने अनुभव उनीहरुले व्यक्त गरेका छन् ।

प्रदर्शनीमा विद्यार्थीले आफैँ तयार पारेका भिडियो गेम समेत राखिएका थिए । कक्षा ९ मा अध्ययनरत विद्यार्थीले तीनवटा भिडियो गेम निर्माण गरेको विद्यालयले जनाएको छ । नर्सरीदेखि कक्षा १० सम्म अध्ययन हुने यस विद्यालयमा हाल ९ सय ४ जना विद्यार्थी अध्ययनरत छन् । आगामी वर्षमा पनि यस्ता शैक्षिक प्रदर्शनीलाई निरन्तरता दिइने विद्यालयका प्रिन्सिपल रिमालले बताएका छन् ।

# खाद्यान्नमा मिसावट गर्ने १९ व्यवसायीमाथि मुद्दा चलाउने तयारी

साझाकुरा संवाददाता



हेटौंडा, २७ माघ/ खाद्यान्नमा मिसावट गर्ने र अखाद्यवस्तु बिक्री गर्ने १९ जना व्यवसायीविरुद्ध खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाले मुद्दा दायर गर्ने प्रक्रिया अघि बढाएको छ ।

चालू आर्थिक वर्ष २०८२/८३ मा गरिएको बजार अनुगमन र संकलित नमुना परीक्षणका क्रममा कैफियत भेटिएका व्यवसायी माथि कानुनी कारबाहीको तयारी गरिएको हो । कार्यालयप्रमुख बिनिता पोखरेलका अनुसार खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत व्यवसायी माथि मुद्दा चलाउन अनुसन्धान भइरहेको छ । सरकारी वकिलको कार्यालयसँगको समन्वयमा मुद्दाको प्रक्रिया अघि बढेपनि पछिल्लो समयको जेनजी आन्दोलनका कारण अदालतमा मुद्दा दर्ता हुन बाँकी रहेको उनले जानकारी दिइन् । अबको केही दिनभित्रै सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिने कार्यालयको भनाइ छ । अघिल्लो आर्थिक वर्षमा कार्यालयले ४४ जना व्यापारीविरुद्ध मुद्दा चलाएको थियो ।

अनुगमनका क्रममा स्वास्थ्यमा प्रतिकूल असर गर्ने गरी मिसावट गर्ने र म्याद गुज्रेका सामान बिक्री गर्नेलाई मुख्य तारो बनाइएको छ । कार्यालयले चालू आवमा २४५ नमुना विश्लेषण गर्दा १६ वटा नमुना प्रतिकूल भेटिएका थिए । प्रतिकूल नमुना देखिएका व्यवसायीलाई कानुनी दायरामा ल्याउने, पुन: जाँच गराई सुधार गर्न लगाउने र सचेत गराउने काम भइरहेको छ । उपभोग्य मिति समाप्त भएका, लेभल नभएका र सडेगलेका करिब १ लाख २ हजार रुपैयाँ बराबरका ३११ किलो अखाद्यवस्तु जफत गरी नष्ट गरिएको छ । हालसम्म १२१ खाद्यान्न बजार, १०० खाद्य तथा दाना उद्योग र ५६ वटा होटल तथा रेष्टुराँमा निरीक्षण गरिएको कार्यालयले जनाएको छ । यसै अवधिमा विभिन्न शीर्षकबाट १० लाख ४ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल

पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालनसम्बन्धी जनहितमा जारी सन्देश

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप सञ्चालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लिखित मितिमा खोप लागउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरूका लागि फागुन ०६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी. खोप लगाईदैछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग सम्पर्क राखौं वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं ।

जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना